धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि–१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ. ब. २०८३/८४ को पहिलो त्रैमासिक अवधिको प्रतिवेदन (२०८३ श्रावण, भाद्र र आश्विन)

(मिति २०८३/०७ /२९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित)

१. वित्तीय विवरण :

क. आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धि हिसाब विवरणलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २६(१) वमोजिमको प्रतिवेदन सम्बन्धित शेयरधनी महानुभावहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरु:

१. प्रति शेयर आम्दानी : रु. २३.३२
२. पी. ई. अनुपात : ५६.१४
३. प्रति शेयर नेटवर्थ : रु. १४७.४९
४. तरलता अनुपात : ६.३६

२. व्यवस्थापकीय विश्लेषण तथा कार्ययोजनाहरु :

क. आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले आफनो उत्पादन, बिक्री वितरण तथा बजारमा विक्री वितरणका लागि वार्षिक योजना तर्जुमा गरी आफ्नो व्यवसायिक गतिविधिहरूलाई निरन्तरता दिएको छ । बजारमा बढ्दो प्रतिस्पर्धा, उपभोक्ताको बदलिँदो रुचि तथा समग्र आर्थिक अवस्थालाई मध्यनजर गर्दै कम्पनीले आफ्ना स्थापित ब्राण्डहरूको बजार प्रवर्द्धन तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा जोड दिई व्यवसायिक कारोवारमा वृद्धिका लागि प्रयासरत रहेको छ ।

ख. कम्पनीले आफ्ना स्थापित ब्राण्डहरूको बजार हिस्सा तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै नयाँ उत्पादन तथा ब्राण्डहरूको विकास, प्रवर्द्धन र बजार विस्तारमा जोड दिएको छ । साथै, बजारको आवश्यकता र उपभोक्ताको बदलिँदो रुचि अनुरूप उत्पादनको विविधीकरण, वितरण प्रणालीको सुदृढीकरण तथा बजार प्रवर्द्धनका कार्यक्रमहरूलाई समेत प्राथमिकतामा राखी कार्य गर्ने विषयमा कम्पनी दृढ रहेको छ । कम्पनीको विक्री लक्ष्य पुरा गर्नका लागि आ.व.२०८३/०८४ देशका विभिन्न क्षेत्रहरुमा वितरकहरुको छनौट, छनौट भएका वितरकसंग उत्पादित मदिराहरुको विक्री वितरणका लागि करारनामा सम्पन्न गरी व्यवसायिक कार्यलाई अगाडि बढाएको छ ।

ग. कम्पनीबाट उत्पादन हुने मदिराका ब्राण्डहरूको पोर्टफोलियोलाई विविधीकरण तथा व्यवस्थित गर्दै उपभोक्ताको रुची र बजारको मागअनुसार गुणस्तरीय मदिरा उचित मूल्यमा उपलब्ध गराउने उद्देश्यले कम्पनीले विभिन्न स्तर तथा स्वादका मदिराहरूको उत्पादन तथा बिक्री वितरणलाई निरन्तरता दिँदै आएको छ । यसै क्रममा आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले श्लोक प्रिमियम XXX रमको व्यावसायिक उत्पादन प्राप्त गरी बोतलबन्दी समेत सम्पन्न गरी वजारमा विक्री वितरणको कार्यको थालनी प्रतिवेदन अवधि देखि गरिएको छ । साथै, कम्पनीले Shlok Single Malt Whisky उत्पादनका लागि सम्बन्धित निकायवाट अनुमति प्राप्त गरिसकेको जानकारी यहाँहरु समक्ष गराउन चाहान्छौं । प्रस्तुत Single Malt Whisky को उत्पादन आगामी त्रैमासिक अवधिमा गर्ने योजनाका साथ आवश्यक प्याकेजिङ्का सामाग्रीहरु जुटाउने कार्य भैरहेको छ । जसबाट कम्पनीले आफ्नो विक्री आम्दानी वढाउने विषयमा निश्चिन्त छ । यसै गरी कम अल्कोहल शक्तियुक्त मदिरा मिश्रित तयारी पेय पदार्थ नेपालमा समेत उत्पादन तथा बिक्री वितरण गर्न आवश्यक कानूनी व्यवस्था गर्न कम्पनीले गरेको पहल पश्चात् प्राप्त व्यवस्था अनुरूप कम्पनीले ५ प्रतिशत मदिरा मिश्रित पेय पदार्थ Passion Cooler Cola को अर्को Variant Passion Cooler Lemonade को समेत उत्पादन गरी बजारमा विक्री वितरणको कार्यलाई निरन्तरता प्रदान गरी सकेको छ । कम्पनीको बिक्री आम्दानी र मुनाफा आर्जनका लागि कम्पनीको By-product को रूपमा उत्पादन हुने sludge लाई सुकाई तयार गरिने DDGS लाई पशुपन्छीको दानामा प्रयोग हुने कच्चा पदार्थका रूपमा बिक्री वितरण गर्ने कार्यलाई यस त्रैमासिक अवधिमा समेत निरन्तरता दिइएको छ ।

घ. कम्पनीमा लगानी गर्ने शेयरधनीहरूको लगानीको सुरक्षा तथा उचित प्रतिफल सुनिश्चित गर्ने उद्देश्यले कम्पनीले उत्पादन तथा बिक्री वितरण गर्दै आएका विभिन्न ब्राण्डहरूको बजार अवस्था, उपभोक्ताको रुचि तथा माग, उत्पादनको गुणस्तर एवं बजार प्रवर्द्धन सम्बन्धी विषयमा विभिन्न सर्भेक्षण र रिसर्चहरु गर्ने योजनामा रहेको छ । साथै शेयरधनी महानुभावहरूबाट प्राप्त हुने राय, सुझाव तथा प्रतिक्रियाहरूलाई कम्पनी व्यवस्थापनले महत्वपूर्ण रूपमा लिई आवश्यकतानुसार कार्यान्वयन गर्दै आएको छ ।

ङ. कम्पनीबाट उत्पादन हुने विभिन्न ब्राण्डका मदिराहरूको Portfolio व्यवस्थापन, कच्चा पदार्थ विषेश गरी प्याकेजिङ्ग सामाग्रिलाई गुणस्तरीय र व्यवस्थीत रुपमा भण्डारण गर्नका लागि र उत्पादन क्षमता अभिवृद्धि गर्न आवश्यक भएकोले कारखाना परिसरमा करिब ६० हजार वर्ग फिट क्षेत्रफलको नयाँ बोतलिङ हल निर्माण गर्ने योजना अघि बढाइएको छ । हालको बोतलिङ हलको क्षमताले ब्राण्ड विविधिकरणको क्षमता र भण्डारण क्षमतालाई नधान्ने भएको देखिएको हुनाले बोतलिङ लाइनहरु तथा उत्पादित वस्तुको भण्डारण क्षमता आदिलाई समेत मध्यनजर गरी उक्त परियोजनाको डिजाइन तथा अनुमानित लागत तयार गरिएको छ । यस सम्बन्धमा निर्माण कार्यका लागि बोलपत्र आह्वान गरी सार्वजनिक सूचना प्रकाशन गर्ने कार्य सम्पन्न भइसकेको र ठेकेदार छनोटको प्रक्रिया अन्तिम चरणमा रहेको छ ।

च. कम्पनीले हाल RTD (Ready-to-Drink) मदिरा मिश्रित तयारी पेय पदार्थ बोतलमा बोतलबन्दी गरी बजारमा बिक्री वितरण गर्दै आइरहेको छ । तथापि, उपभोक्ताहरूको बढ्दो माग तथा बजारको आवश्यकतालाई मध्यनजर गर्दै मदिरा मिश्रित तयारी पेय पदार्थलाई क्यानमा समेत उत्पादन तथा बिक्री वितरण गर्ने उद्देश्यले आवश्यक Canning लाइन जडान तथा सञ्चालनका लागि योजना तथा तयारी अघि बढाइरहेको छ । यसबाट उत्पादनको विविधीकरण, बजार विस्तार तथा उपभोक्ताको बदलिँदो रुचि अनुरूप उत्पादन उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

छ. अघिल्लो आर्थिक वर्षमा सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरी कम्पनीको शाखा कार्यालय, सोलुखुम्बुस्थित पाताले धापको म्याचुरेशन सेन्टरमा उद्योगबाट उत्पादित माल्ट स्प्रिट तथा ई.एन.ए.को म्याचुरेशन कार्य प्रारम्भ गरिएकोमा आर्थिक वर्ष २०८३/८४ मा पनि तहां म्याचुरेशनको कार्यलाई निरन्तरता दिइएका छौं । म्याचुरेशन सेन्टरको उपलब्ध क्षमताअनुसार म्याचुरेशन प्रक्रिया अगाडि बढाइएको छ । निर्धारित म्याचुरेशन अवधि पूरा भएपछि प्राप्त हुने म्याचुर्ड स्प्रिटको बिक्री वितरण तथा सोको प्रयोगबाट उत्पादित मदिराको स्वाद र गुणस्तरमा थप अभिवृद्धि हुनुका साथै कम्पनीको ब्राण्डको बजार प्रतिस्पर्धात्मक क्षमता तथा व्यावसायिक नाफामा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाडौँमा केहि व्यक्तिले नियुक्ती पाऊँ भनी कीर्ते जालसाजी कागज बनाई मुद्दा दायर गरेकोमा सो विषयमा सम्मानित जिल्ला अदालत पर्सावाट आंसीक वादी दावी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी ईजलास बिरगन्जमा पुनरावेदन गरेकोमा सम्मानित उच्च अदालत, जनकपुर अस्थायी ईजलासबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आए उपर चित्त नबुझि कम्पनीले सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषण लगायतको आदेश जारी गरि पाउन रिट मार्फत निवेदन गरेकोमा श्रम अदालतको फैसलालाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भएको छ । Gen-Z आन्दोलनका बखत मुद्दाको फाईल जलि नस्ट भएको र सो फाईलको अभिलेख कायम गरी सुनवाईका लागि पेशीमा रहेको छ ।

ख. आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषय र आ.व.२०७४/०७५ को आय विवरण उपर आयकर ऐन, २०५८ को दफा १०२ बमोजिम कर निर्धारण गरी संसोधित कर निर्धारण आदेशहरु प्राप्त भएकोमा सो निर्धारण आदेशबाट लगाएको सोही ऐनको दफा ११७ वमोजिमको शुल्क, दफा ११८ वमोजिमको ब्याज र दफा १२० वमोजिमको शुल्क उपर चित्त नबुझि आयकर ऐन,२०५८ को दफा ११५ बमोजिम प्रशासकीय पुनरावलोकन गरेकोमा हाल सम्म पनि निर्णय प्राप्त नभएकोले सो सम्बन्धमा कम्पनीको तर्फबाट समेत सम्बन्धित विभागमा सम्पर्कमा रहिरहेका छौं । आ.व. २०७९/०८० को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको अग्रिम आयकर कर, शुल्क, ब्याज रकम सहित जम्मा रु.४३,३६,३६६.०० रकम माग भएको सम्वन्धमा चित्त नबुझि प्रसासकीय पुनरावलोकन गरिएकोमा सो प्रसासकीय पुनरावलोकनको निवेदनमा समेत सम्बन्धित ठूलाकरदाता कार्यालयको निर्णय बमोजिमको नै निर्णय आन्तरिक राजश्व विभागवाट प्राप्त भएको हुनाले सो उपर राजश्व न्यायधिकरण काठमाडौँमा पुनरावेदन पत्र दायर गरेका छौं ।

ग. ठूलाकरदाता कार्यालयले यस कम्पनीको आ.व. २०६७/०६८को मु.अ.कर को कर परीक्षण गरी उपलब्ध गराएको अन्तिम कर निर्धारण आदेश उपर चित्त नबुझि आन्तरिक राजश्व विभाग लाजिम्पाटमा प्रसासकीय पुनरावलोकन गरिएकोमा मिति २०८३/१२/२३ मा आन्तरिक राजश्व विभागवाट यस कम्पनीले गरेको प्रसासकीय पुनरावलोकन उपरको निर्णय समेत ठूलाकरदाता कार्यालयबाट भए गरेको निर्णयलाई नै अक्षरस पालना गदै जस्ताको तस्तै नै ठुलाकर दाता कार्यालयको निर्णयलाई सदर गर्ने गरी भएको निर्णय उपर ऐन, नियमका म्याद भित्र राजश्व न्यायधिकरण, काठमाडौँमा पुनरावेदनका लागि अगाडि बढ्नका लागि आवश्यक तयारी भई रहेको व्यहोरा जानकारी गराउदछौं ।

घ. आ.व.२०६१/०६२ को अवधिको मु.अ.कर, अन्तः शुल्क र आयकर सम्वन्धमा सम्मानित सर्वोच्च अदालतबाट फैसलाको लिखित प्रति प्राप्त भएको छ । अन्तः शुल्क सम्बन्धमा यस कम्पनीको माग बमोजिम नै फैसला प्राप्त भएकोले कम्पनीले दाखिला गरेको अन्तः शुल्क, जरिवाना आदि रकम मिलानका लागि सम्बन्धित कार्यलयमा निवेदन समेत दर्ता गराई सकिएको छ । अन्य मु.अ.कर र आयकरको हकमा केहि विषयमा कम्पनीको माग बमोजिम र केही विषयमा विरुद्धमा फैसला प्राप्त भएकाले माग विरुद्धका विषयमा न्यायिक पुनरावलोकनका लागि निवेदन दर्ता गरिएकोमा सो निवेदन उपर कारवाहि हुँदा निवेदन उपर दरपिट भई अन्तिम भई सम्मानित सर्वोच्च अदालतको फैसला वमोजिमको दायित्व यकिन गरी फरछ्यौंट गर्ने कार्यका लागि मुद्दाको सम्बन्धित सक्कल फाईल सम्बन्धित कर कार्यालयमा उपलब्ध गराउनका लागि पहल गरिएको छ ।

ङ. यस कम्पनीका नाममा दर्ता भई उत्पादन तथा विक्री वितरण गरि रहेका गोल्डेन ओक, ब्लाक ओक नामक ट्रेडमार्कहरुको नक्कल गरी बजारमा उत्पादन ल्याउने कलुसित मनसाय राखी विभिन्न नामका ट्रेडमार्कहरु दर्ताका लागि आवेदन केहि मदिरा उत्पादक कम्पनीले गरेको पाईएकाले सो आवेदन दर्ता खारेजको लागि निवेदन दिने कार्यलाई प्रकासित औद्योगिक सम्पत्ति वुलेटिनको अध्ययन गरी निरन्तरता दिने कार्यलाई जारी राखिएको छ ।

च. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधि सम्ममा कम्पनी, यसका संचालक,संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्दा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस चौथो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ ।

(श्रोत: www.nepalstock.com.np)

अधिकतम् मूल्य	रु. १,३६५
न्यूनतम् मूल्य	रु. १,१२०
अन्तिम मूल्य	रु. १,३०९
कारोबार दिन	६१

५. समस्या तथा चुनौति :

कम्पनीको व्यवसायीक वातावरणमा रहेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. बजारमा व्यावसायिक प्रतिस्पर्धा बढ्दै गएको तथा वितरक एवं व्यावसायिक साझेदारहरूको सीमित लगानी क्षमताका कारण कम्पनीबाट उधारोमा बिक्री वितरण गरिएका वस्तुहरूको समयमै भुक्तानी प्राप्त गर्न चुनौती रहँदै आएको छ । यसले कम्पनीको नगद प्रवाह तथा कार्यशील पूँजी व्यवस्थापनमा समेत प्रभाव पार्ने गरेको छ ।

ख. मदिरा उद्योगले आफुले उत्पादन गरी रहेका र उत्पादन गरी उपभोक्ता माझ बजारमा ल्याउने नयाँ ब्राण्डको मदिराको उत्पादनको गुणस्तर, मूल्य, उत्पादन प्रकृया आदिका बारेमा उपभोक्तालाई कुनै पनि माध्यमद्धारा जानकारी दिन नपाउने भएकाले आम उपभोगता समक्ष कम्पनीका उत्पादनहरुको जानकारी पुऱ्याउने कठिन भएको छ । साथै व्यवसाय प्रवद्धनसंग सम्बन्धित खर्चहरुलाई पनि कर परीक्षणका समयमा कैफियत उठानका कारण वास्तविक खर्चलाई समेत कर कट्टी गर्न नपाउने र उद्योग दोहोरो करको भारमा पर्ने अवस्थाको सृजना भएको छ । यसको प्रत्यक्ष प्रभाव मदिरा विक्री वितरणमा पर्ने चुनौति व्यवसायी माझ प्रत्यक्ष परेको छ ।

ग. मदिराजन्य पेय पदार्थहरू यस अघि मुख्यतः अन्तःशुल्क सम्बन्धी निर्देशिका तथा प्रचलित कानूनी व्यवस्था अनुसार नियमन हुँदै आएकोमा हाल खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (DFTQC) को नियमनको दायरामा समेत समावेश भए पछि कम्पनीले दुवै नियामक निकायका प्रावधान तथा मापदण्डहरू पालना गर्नुपर्ने अवस्था सिर्जना भएको छ । दुवै निकायका ब्राण्ड दर्ता, उत्पादन मापदण्ड, गुणस्तर तथा अन्य अनुपालन सम्बन्धी सूचकहरू फरक फरक रहेकाले एउटै उत्पादनका लागि दुवै निकायमा आवश्यक प्रक्रिया पूरा गरी ब्राण्ड दर्ता गर्न व्यावहारिक कठिनाइ तथा थप प्रशासनिक र अनुपालन सम्बन्धी चुनौतीहरू सामना गर्नुपरेको छ ।

घ. बजारमा उपभोग्य वस्तुको मुल्य वृद्धिका कारणले नेपाली आम उपभोक्ताको दैनिक खानपिन, भान्सा महँगिएको छ । विदेशबाट आउने औद्योगिक कच्चा पदार्थ ईन्धन समस्याका कारण वृद्धि भएको छ । यस्तो कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिएका स्वादेशी उत्पादनको लागत बढि वस्तुको मुल्यमा पनि वढोत्तरी भएको छ, मदिराको बजार पनि आयातमुखी रहेको छ, उत्पादन तथा विक्री वितरण उच्च प्रतिस्पर्धात्मक रहेको अवस्थामा मदिराका उपभोक्ताहरुको समेत दिनानु दिन वर्हिगमन भएबाट मदिराको उत्पादन विक्री वितरण र व्यवसायमा चुनौती टड्कारो देखिएको छ ।

ङ. केहि उद्योगहरुले यस कम्पनीको जस्तै लेवल, प्लाष्टिकको वोतल प्रयोग गरी कम शक्ति र कम गुणस्तरमा मदिरा उत्पादन गर्ने, यस कम्पनीको वोतल प्रयोग गर्ने कार्य गरेबाट कम्पनीको बिक्रीमा प्रभाव पर्न गएको छ । यस्ता कियाकलाप विरुद्धमा सम्बन्धित निकायमा उजुरी दिने गरिएको भएता पनि त्यसको कार्यन्वयन हुन समय लाग्ने हुदा थप चुनौती कम्पनीले सामना गरी रहेको छ ।

च. घरेलु मदिरालाई ब्राण्डिङ्ग गर्ने नाममा स्थानीय घरेलु मदिराहरु वजारमा विक्री वितरणमा आउँदा ठुलो लगानी गरी व्यवस्थीत एवं मर्यादित व्यवसाय गर्ने उद्योगहरुको लगानी धरासायी हुने र नेपाल सरकारको राजश्वमा समेत प्रभाव पर्ने देखिन्छ ।

६. संस्थागत सुशासन :

कम्पनीको कारोवारलाई पारदर्शी रुपमा संचालन गर्न र कम्पनीका शेयरधनीहरुलाई यर्थाथ र वास्तविक विवरणको सूचना दिनका लागि कम्पनीले स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी कारोवारको लेखा परीक्षण गर्ने कार्य निरन्तरता कायम राखिएको छ । यसै गरी कम्पनीले आफ्नै संगठानिक ढाँचामा Audit & Compliance Head को व्यवस्था गरी सो शाखामा कर्मचारीहरु नियुक्ती गरी दैनिक रुपमा हुने आर्थिक, प्रसासनीक, वित्त व्यवस्थापन, शेल्स एण्ड मार्केटिङ्ग लगायतका क्षेत्रको सुक्ष्म रुपमा कारोवारको अध्ययन गरी तयार गरिएको प्रतिवेदन उपर कम्पनीको उच्च व्यवस्थापनमा छलफल गर्ने र सुधार गर्नु पर्ने कार्यमा अविलम्व प्रकृया अगाडि बढाउने गरिएको छ । यस्ता कार्यले कम्पनीको आर्थिक कारोबार देखि समग्र वस्तु स्थितिलाई चुस्त दुरुस्त र पारदर्शी राख्नका लागि सहयोग पुऱ्याउने छ । कारखाना कम्पाउण्ड, कार्यस्थलको वातावरणलाई प्रभाव न्युन गर्नका लागि कार्यस्थलमा काम गर्ने श्रमिकहरुको सुरक्षा प्रवन्ध, कारखाना कम्पाउण्डवाट निस्कने प्रदुषणहरुका सम्वन्धमा समेत वाह्य विज्ञटोली समुहबाट अर्धवार्षिक रुपमा परीक्षण गरी प्रतिवेदन प्राप्त गरी सो प्रतिवेदनमा कुनै कैफियतहरु आएमा सुधारहरु गर्ने गरिएको छ । कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखी दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, आन्तरिक रुपमा उद्योगको उत्पादन, बिक्री विरतणको परिमाण, मौज्दात सामानहरु लगायत समय समयमा उच्च व्यवस्थापनका कर्मचारीहरुबाट अवलोकन गरिने, डिष्ट्रिव्यूटर्सको कारोवार स्थलमा नै पुगी मदिरा विक्री वितरणका भएको करारनामा अनुसार परीक्षण गरिदै आएको, कच्चा पदार्थहरुको नीरिक्षण एवं विश्लेषण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको मुल्य, गुणस्तर आदिको अध्ययन, अनुशन्धान, परीक्षण गरेर मात्र खरिद गर्ने, उद्योग रहेको क्षेत्र, स्थानीय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य र संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धि कार्यलाई निरन्तरता दिएको, उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि आधुनिक प्रविधियुक्त मेसिन जडान गर्ने र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने गरिएको साथै सके सम्म गुणस्तर र उत्पादन लागत कम गर्नका लागि गुणस्तरीय वस्तुको कम मुल्यमा खरिद गर्ने कार्य गर्दै आएको जानकारी गराउदछौं । उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखी आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी स्थानीय निकायको समन्वयमा विभिन्न शिर्षक अन्तर्गत छुट्याईएको रकमबाट ऐन, नियमले निर्देशन गरेका शिर्षकमा अधिकतम् कार्य गरी समाज प्रतिको जिम्मेवारी वहन गर्ने कार्यलाई निरन्तरता दिइरहेका छौं । साथै धितो पत्र ऐन, नियम, निर्देशिका, सूचिकृत कम्पनीको संस्थागत सुसाशन सम्बन्धि निर्देशिकाको व्यवस्था बमोजिम कम्पनीले पालना गर्नु पर्ने व्यवस्थालाई पालना गर्ने र प्राप्त निर्देशनलाई कार्यन्वयन गर्दै जाने विषयमा कम्पनी दृढ रहेको जानकारी गराउदछौं । कम्पनीको उल्लेखितकार्यले कम्पनीको ख्याति, पहिचान गराउने जस्ता विषयमा कम्पनीका लगानीकर्ता, नियमनकारी निकायहरुका नजरमा समेत विश्वास पैदा गर्ने कुरामा कम्पनी विश्वस्त हुने कम्पनीले अपेक्षा गरेको छ ।

७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदन अवधिको उल्लेखित विवरणहरुका विषयमा सत्यता रहेको म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सु–सूचित गराउनका लागि प्रस्तुत अवधिको सम्पूर्ण आर्थिक विवरण लगायत अन्य जानकारीहरु पारदर्शी हुने गरी प्रकाशन गरिएको जानकारी गराउँदछु । साथै यस कम्पनीले चालेका कदममा प्रत्यक्ष रुपमा यस व्यवसायसंग सम्वन्धित पक्षहरु, लगानीकर्ताहरु तथा यस कम्पनीका शुभ चिन्तकहरुबाट समेत प्रत्यक्ष, अप्रत्यक्ष रुपमा व्यवसाय वृद्धि र कारोवार पारदर्शी वनाउने विषयमा उपयुक्त सहयोग र सल्लाह अपेक्षा गरेको छु ।

Unaudited Statement of Financial Position as on 31st Ashwin 2083

Particulars	This Quarter End	Previous Quarter End (Published)	Corresponding Previous Year Quarter End (Published)
ASSETS			
NON-CURRENT ASSETS			
a) Property, Plant and Equipment	1,079,754,546	1,101,733,030	956,921,620
b) Capital work-in-progress	44,709,804	2,461,413	41,619,192
c) Intangible Assets	2,421,223	2,608,836	1,021,012
d) Right to Use Assets	47,729,733	46,141,728	21,404,293
e) Investments	143,700,000	131,200,000	111,200,000
f) Other Non-Current Assets	54,172,837	61,541,474	62,214,224
Total Non-Current Assets	**1,372,488,144**	**1,345,686,481**	**1,194,380,340**
CURRENT ASSETS			
a) Inventories	764,260,278	717,818,598	632,856,315
b) Financial Assets			
Trade Receivables	1,421,869,130	971,182,123	577,945,528
Cash and Cash Equivalents	941,993,738	1,179,270,222	1,288,754,664
Other Bank Balances	1,650,000,000	1,450,000,000	1,100,000,000
Other Financial Assets	13,216,075	6,019,860	7,028,583
c) Other Current Assets	130,829,311	103,038,474	149,144,737
Total Current Assets	**4,922,168,532**	**4,427,329,278**	**3,755,729,827**
TOTAL ASSETS	**6,294,656,675**	**5,773,015,759**	**4,950,110,167**
EQUITY AND LIABILITIES			
EQUITY			
a) Equity			
Share Capital	3,688,082,175	3,688,082,175	3,073,401,812
b) Other Equity			
Reserves and Surplus	1,751,361,307	1,527,823,341	1,180,094,216
Total Equity	**5,439,443,482**	**5,215,905,516**	**4,253,496,028**
NON-CURRENT LIABILITIES			
a) Financial Liabilities			
Borrowings	-	-	-
Lease Payables	42,644,766	45,762,338	19,743,029
b) Deferred Tax Liabilities	38,977,993	39,047,918	32,347,724
Total Non-Current Liabilities	**81,622,759**	**84,810,256**	**52,090,753**
CURRENT LIABILITIES			
a) Financial Liabilities			
Borrowings	-	-	-
Trade Payables	207,213,804	128,179,319	180,215,435
Other Financial Liabilities	119,832,929	113,404,691	166,270,190
Lease Payables	10,271,294	5,028,158	4,520,760
b) Other Current Liabilities	343,042,617	215,211,843	271,947,147
c) Current Tax Liabilities (Net)	93,229,790	10,475,976	21,569,854
Total Current Liabilities	**773,590,435**	**472,299,987**	**644,523,386**
TOTAL EQUITY AND LIABILITIES	**6,294,656,675**	**5,773,015,759**	**4,950,110,167**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended on 31st Ashwin 2083

Particulars	Up to This Quarter	Up to Previous Quarter (Published)	Corresponding Previous Year Quarter (Published)
Gross Revenue from Operations	1,762,863,703	8,113,792,596	1,075,788,930
Less: Excise Duties	850,043,379	3,741,926,774	482,399,910
Net Sales Revenue	912,820,324	4,371,865,822	593,389,021
Less: Cost of Goods Sold	292,746,935	1,246,452,371	220,813,791
Less: Manufacturing Expenses	15,687,578	66,108,491	11,509,106
Gross Profit	**604,385,811**	**3,059,304,960**	**361,066,124**
Employee Benefit Expenses	116,822,341	479,129,492	80,933,086
Administration and Other Expenses	63,885,656	195,579,344	32,399,743
Selling and Distribution Expenses	85,132,469	707,050,906	121,941,463
Operating Profit	**338,545,344**	**1,677,545,219**	**125,791,831**
Non Operating Income	13,343,731	57,882,471	16,388,591
Depreciation and Amortisation	29,311,556	97,927,398	21,781,049
Finance Costs	1,215,555	4,396,388	596,176
Profit Before Tax	**321,361,964**	**1,633,103,904**	**119,803,197**
Income Tax Expenses	106,385,889	426,766,161	29,545,033
Profit for the Year	**214,976,075**	**1,206,337,743**	**90,258,164**
Other Comprehensive Income			
Items that will not be reclassified to profit or loss:			
(i) Remeasurements of Defined Benefit Obligations	-	-	-
(ii) Income tax credit/(charge) relating to these items	-	-	-
Other Comprehensive Income	**-**	**-**	**-**
Total comprehensive income for the year	**214,976,075**	**1,206,337,743**	**90,258,164**
"Earning per equity share (face value of Rs. 100 each)"			
Basic EPS*	23.32	32.71	9.79
Diluted EPS*	23.32	32.71	9.79

Other Financial Ratios

PE Ratio	56.14	34.85	133.82
Net Worth Per Share	147.49	141.43	138.40
Liquidity Ratio	6.36	9.37	5.83

Notes:

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
- EPS has been annualized wherever necessary
- Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares